आज मिति २०८१ साल असोज २२ गतेका विहानको १०:०० बजे झिमरुक गाउँ कार्यपालिकाको आ.व.२०८१/८२ को तेस्रो बैठक झिमरुक गाउँपालिकाका अध्यक्ष श्री पित बहादुर महतरा क्षेत्रीज्यूको अध्यक्षता र देहायको उपस्थितिमा बसी निम्न बमोजिमको प्रस्ताव माथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

| हस्ताक्षर | नाम | पद |
|---|---|---|
| | पित बहादुर महतरा क्षेत्री | झिमरुक गाउँ कार्यपालिका अध्यक्ष |
| | प्रमोद पोखेल | झिमरुक गाउँ कार्यपालिका उपाध्यक्ष |
| | धुवराज खनाल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण प्रसाद पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | मिनबहादुर खत्री | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | सिताराम पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | दधिराम पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | धन बहादुर पुन | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण बहादुर जि.सी. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | तुलस बहादुर बस्नेत | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | संगिता परियार | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | पार्वता बि.क. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | तुलसा के.सी. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कल्पना थापा (एम.सी.) | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | चोप बहादुर बि.क | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | हरी सुनार | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण बहादुर थापा | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) |
| | हरि प्रसाद पोखेल | अधिकृत छैठौं (प्रशासन) |
| | दामोदर उपाध्या | का.स. |

कृष्ण बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. १ गत बैठकको समिक्षा सम्बन्धमा ।**

निर्णय नं १

प्रस्ताव नं १ माथि छलफल गर्दा झिमरुक गाउँ कार्यपालिकाको मिति २०८१/५/२९ गते बसेको दोस्रो बैठकबाट करार सेवामा कार्यरत कर्मचारीहरुको म्यादथपको निर्णय गरिएकोमा करार सेवामा कार्यरत कर्मचारीहरुसँग करार सम्झौता गरिएको, गत आ.व.को भुक्तानी बाँकीको विभिन्न शीर्षकको रकम भुक्तानी दिने निर्णय गरिएकोमा भुक्तानीको प्रक्रियामा रहेको, स्थानीय तह स्तरीय पूर्वाधार विकास गठन गरिएकोमा सो समितिले प्रस्ताव पेस भएका विद्यालयहरुको भौतिक एवं प्राविधिक पक्षहरुको अध्ययन, अनुगमन, गरी अन्तिम प्रतिवेदन तयारीको अवस्थामा राखेको, स्थानीय शिक्षा योजना निर्माणको लागि शिक्षा नीति निर्माण तयार गर्न गठन भएको समितिलाई जिम्मेवारी दिईएकोमा सो समितिले शिक्षा योजनाको मस्यौदा तयार गरेको, सामुदायिक विद्यालयहरुको चालु अनुदानको (शिक्षाक्षेत्रको) रकम बाँडफाँट गरिएकोमा पहिलो त्रैमासिकसम्मको तलब भत्ता निकासा गरिएको, खानेपानीको समस्या भएका विभिन्न स्वास्थ्य संस्थाहरुमा खानेपानीको व्यवस्थापन गर्न स्रोतको सुनिश्चित गरिएकोमा संस्थाहरुमा खानेपानीको व्यवस्था मिलाईएको, लघु उद्यम विकास कार्यक्रमको रकम बाडफाँट अनुमोदन गरिएकोमा सोही बमोजिम कार्यान्वयनको चरणमा रहेको, ढाड बाँदिकोट मोटरबाटो अन्तर्गत हुङ्गाडखोला-बाँदिखोला खण्ड मोटरबाटो मर्मत र मच्छी सौतामारे सडक अन्तर्गत सौतामारेफेदीको बजार संरक्षणको प्राविधिक लागत अनुमान तयार गर्ने निर्णय अनुसार बाँदिखोला खण्डको लागत अनुमान तयार भएको र सौतामारेफेदीको प्रक्रियामा रहेको, सामुदायिक माध्यमिक विद्यालयहरुमा ई-हाजिरी व्यवस्थापन गर्ने निर्णय भएकोमा सोको प्रक्रियामा रहेको लगायतका विषयमा समिक्षा गरियो ।

**प्रस्ताव नं. २ आयोजनाहरुको ठेक्का लगाउने सम्बन्धमा ।**

निर्णय नं २

प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०८१/८२ मा सञ्चालन हुने तपसिल बमोजिमका आयोजनाहरुको तत्काल प्राविधिक लागत अनुमान तयार गरी नियमानुसार ठेक्का लगाउनको लागि प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

**क)** संघीय समपुरक तर्फ आ.व. २०८१/८२ मा विनियोजन भएको झिमरुक रिङरोड स्तरउन्नतीको लागि रु १ करोडमा गाउँपालिकाको रु १ करोड समपुरक गरी रु २ करोड र बाग्दुला मच्छी सडक स्तरउन्नतीको लागि आ.व. २०८१/८२ को लागि विनियोजन गरिएको रु १ करोड गरी जम्मा रु ३ करोड रकममा रु २ करोड गाउँपालिकाको विभिन्न शीर्षकबाट स्रोतको सुनिश्चिता गरी कूलजम्मा रु ५ करोड बराबरको आ.व. २०८१/८२ को असार १५ गतेसम्म सम्पन्न गर्ने गरी बाग्दुला मच्छी सडक अन्तर्गत बतासेडाडा जिम्मुरखोला सडक खण्डको स्तरउन्नती गर्दै कालोपत्रे गर्ने कार्यको लागि नियमानुसार ठेक्का लगाउने प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो ।

**ख)** आ.व. २०८१/८२ मा गा.पा.बाट वडा नं.७ को वडा कार्यालय भवन निर्माण आयोजनाको लागि विनियोजन गरिएको रु ६० लाख बजेट खर्चको लागि प्राविधिक लागत अनुमान तयार गरी नियमानुसार ठेक्का लगाउने प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो ।

साथै आ.व. २०८१/८२ को लागि संघीय सशर्ततर्फ विनियोजन भई आएको तपसिल बमोजिमका आयोजनाहरु उपभोक्ता मार्फत कार्य गर्ने गरी प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

१) ढाड रक गार्डेन पूर्वाधार निर्माण आयोजना झिमरुक गा.पा.-५,प्यूठान

२) रोकाडिही देखि देउराली मन्दिर जाने पदमार्ग निर्माण झिमरुक-७,प्यूठान

३) स्नेहाथान पूर्वाधार विकास झिमरुक गा.पा.-८,प्यूठान

कृष्ण बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ३ चिसावाङ्ग झ्तो.पु जाने बाटोको लागि वजेटको सुनिश्चितता सम्वन्धमा ।**

निर्णय नं. ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा झिमरुक गाउँपालिका अन्तर्गत वडा नं. ६ मा निर्माण सम्पन्न भएको चिसावाङ्ग झ्तो.पु जाने बाटो निर्माण गर्नुपर्ने भएको हुँदा तपसिल वमोजिमका शीर्षकबाट बजेटको सुनिश्चितता गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क.स | आयोजनाको नाम | वजेट रकम | वजेट शीर्षक |
|---|---|---|---|
| १. | चिसावाङ्ग झ्तो.पु जाने बाटो निर्माण आयोजना झिमरुक-६ | ३,८०,०००। | म्याचिङ्ग फण्ड |

**प्रस्ताव नं. ४ कार्यविधि पारित र संशोधन सम्वन्धमा ।**

निर्णय नं. ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा झिमरुक गाउँपालिकामा निर्माण भएका तपसिल वमोजिमका कार्यविधि संशोधन गर्नुपर्ने भएको र निम्न अनुसारका कार्यविधि निर्माण गर्नु पर्ने भएको हुँदा संशोधन र निर्माणको लागि पेस भएका मस्यौदा माथि छलफल गरी सर्वसम्मत रुपमा पारित तथा संशोधन गर्ने निर्णय गरियो ।

**नयाँ पारित कार्य कार्यविधिह**

१.स्थानीय हाटबजार व्यवस्थापन तथा सञ्चालन कार्यविधि,२०८१

**संशोधन भएको कार्यविधिको नाम र दफा/उपदफा र थप गरिएको विषय**

१.उत्पादनमा आधारित अनुदान र वजारीकरण कार्यक्रम सञ्चालन कार्यविधि,२०८०

| दफा | साविक कायम भएको | हाल संशोधन भएको |
|---|---|---|
| ५ को उपदफा (छ) | संकलन केन्द्रले कृषकहरुबाट खरिद गरेको कृषि उपजहरु खरिद गरे बापतको रकममा संकलन केन्द्रको हकमा ५ % भट्टमासमा, ५ % कोदोमा, ५ % फापरमा, १० % आलुमा र ५ % हलेदो र उत्पादकको हकमा ५ % रकम सम्वन्धितको बैंक खातामा गाउँपालिकाले अनुदान स्वरुप उपलब्ध गराउने छ । | कृषकहरुले कृषि उपज उत्पादन गरी तोकिएको संकलन केन्द्रमा विक्रि गरेवापत रु १० प्रति किलो भट्टमासमा रु १० प्रति किलो कोदोमा, रु १० प्रति किलो फापरमा रु ६ प्रति किलो आलुमा र रु ५ प्रति किलो हलेदोमा अनुदान पाउने र संकलन केन्द्रले कृषकहरुबाट उत्पादित कृषि उपजहरु खरिद गरेवापत संकलन केन्द्रलाई सबै कृषि उपजमा प्रति किलो रु ३ का दरले रकम सम्वन्धित संकलन केन्द्रको बैक खातामा अनुदान स्वरुप उपलब्ध गराउने छ । |

**नयाँ थप गरिएको-** किसानहरुबाट खरिद गरेको खरिद मुल्य र संकलन केन्द्रले विक्रि गर्ने मूल्यमा प्रति किलो रु २ भन्दा बढीमा मुल्य अन्तर गर्न नहुने ।

कृष्ण बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ५ आर्थिक सहायता सम्वन्धमा ।**

निर्णय नं ५

**प्रस्ताव नं ५** माथि छलफल गर्दा आर्थिक सहायताको लागि विभिन्न व्यक्ति तथा संस्थाहरुले निवेदन पेस गरेको हुँदा उक्त निवेदन माथि छलफल भई तपसिल बमोजिमका व्यक्ति तथा संस्थाहरुलाई आर्थिक सहायता उपलब्ध गराउने सर्वसम्मत रुपमा पारित गरियो ।

तपसिल

| क्र.स | आर्थिक सहयोग माग गर्ने व्यक्ति तथा संस्थाहरुको नाम ठेगाना | आर्थिक सहयोग उपलब्ध गराउने प्रयोजन | रकम रु | शीर्षक |
|---|---|---|---|---|
| १ | बसन्त बहादुर जि.सी झिमरुक-१ | झिमरुक -१ खलेगाउँ निवासी कर्ण बहादुर जि.सी.को छोरा वसन्त बहादुर जि.सी.को मच्छी सौतामारे सडक खण्डको खलेगाउँमा पहिरो गई घरवास जोखिम तथा जग्गा जमिनमा पहिरो गएको हुदा तत्काल राहत स्वरुप | २०,०००। | आर्थिक सहायता |
| २ | चुमान सिंह नेपाली झिमरुक-१ | झिमरुक -१ खलेगाउँ निवासी चुमान सिंह नेपालीको मच्छी सौतामारे सडक खण्डको खलेगाउंमा पहिरो गई घरवास जोखिम तथा जग्गा जमिनमा पहिरो गएको हुदा तत्काल राहत स्वरुप | २०,०००। | आर्थिक सहायता |
| ३ | बासुदेव रोका झिमरुक-५ | झिमरुक -५निवासी गोरख सिं रोकाको छोरा बासुदेव रोकाको दाहिने खुट्टा भाचिएको कारण रड राखिएकोले थप उपचारको लागि | १५,०००। | आर्थिक सहायता |
| ४ | फूलवारी द्वादशीमेला तथा सास्कृतिक कार्यक्रम झिमरुक-६ चिसावाङ्ग | परम्परागत रुपमा चली आएको द्वादशीमेला तथा सास्कृतिक कार्यक्रमसञ्चालन तथा व्यवस्थापनको लागि | २०,०००। | आर्थिक सहायता |
| ५ | विरेन्द्र दमै झिमरुक-२ | झिमरुक -२ निवासी निवेदकको वाबु लाल बहादुर दमै उच्च रक्तचापका कारण सिकिस्त विरामी परेकोले थप उपचार खर्चको लागि | २०,०००। | आर्थिक सहायता |
| ६ | शिवराज शर्मा झिमरुक-६ | झिमरुक -६ निवासी शिवराज शर्मा मोटरसाईकल दुर्घटनामा परी दुबै खुट्टा भाचिएको थप उपचार खर्चको लागि आर्थिक सहयोग | २०,०००। | आर्थिक सहायता |
| ७ | होटल व्यवसायी संघ तथा पर्यटन सूचना केन्द्र,प्यूठान | होटल व्यवसायी संघ लुम्बिनी प्रदेशको तेस्रो साधारण सभा तथा दोस्रो अधिवेशनमा सहभागीताको लागि सहभागि व्यवस्थापनको लागि | २०,०००। | आर्थिक सहायता |
| ८ | खुम बहादुर नेपाली झिमरुक-७ | वर्षादको कारण पहिरो गई घर जोखिम अवस्थामा रहेको हुँदा घर संरक्षणको लागि | २०,०००। | आर्थिक सहायता |
| ९ | राजन पुन झिमरुक-६ | झिमरुक -६ निवासी निवेदकको बाबु भेक बहादुर पुनको लडेर दुबै खुट्टा भाचिएकाहुँदा थप उपचार खर्चको लागि आर्थिक सहयोग | २०,०००। | आर्थिक सहायता |

साथै आर्थिक सहयोग उपलब्ध गराईएका व्यक्तिहरुको विवरण मासिक रुपमा सार्वजनिक गर्ने निर्णय गरियो ।

कृष्ण बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

६.विविध सम्बन्धमा ।

विविध क) रकम विनियोजन सम्बन्धमा ।

निर्णय नं. क)

विविध (क) माथि छलफल गर्दा तपसिलमा उल्लिखित संस्थाहरुले विविध खेलकुद, निःशुल्क स्वास्थ्य तथा सांस्कृतिक कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको लागि आर्थिक सहयोग माग गरेको हुँदा कार्यक्रमसँग सम्वन्धित प्रस्तावना विल, भर्पाइ तथा प्रतिवेदनको आधारमा निम्न वमोजिमको रकम विनियोजन गरी उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

| क्र.स | आर्थिक सहयोग माग गर्नेसंस्थाहरुको नाम ठेगाना | आर्थिक सहयोग उपलब्ध गराउने प्रयोजन | रकम रु | शीर्षक |
|---|---|---|---|---|
| १. | खड्ग निशान ग्रामिण विकास केन्द्र झिमरुक-५ | विविध खेलकुद, निःशुल्क स्वास्थ्य तथा सांस्कृतिक कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको लागि | १,५०,०००। | विविध खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन |
| २ | एक्टिभ युथ क्लब झिमरुक-४,प्युठान | भलिवल खेल सञ्चालन तथा व्यवस्थापनको लागि | २०,०००। | विविध खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन |
| ३ | कुता युथ क्रिकेट क्लब झिमरुक-५ ,कुता, प्युठान | क्रिकेट खेल प्रतियोगिता सञ्चालन तथा व्यवस्थापनको लागि | २०,०००। | विविध खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन |

विविध (ख) योजना तथा कार्यक्रम संशोधन सम्वन्धमा ।

निर्णय नं. ६ ( ख )

प्रस्ताव नं ६ ( झ )माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको आ.व. २०७९/८० मा सञ्चालन गर्ने गरी विनियोजन गरिएका तपसिल वमोजिमका योजना तथा कार्यक्रमहरु विविध कारणले सञ्चालन गर्न नसकिने भएको हुँदा योजना तथा कार्यक्रमहरु संशोधन गरी तपसिल वमोजिमको योजना तथा कार्यक्रमहरुमा रकम रकमान्तर गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स | साविकको कार्यक्रमको नाम | ठेगाना | रकम | क्र.स | ठेगाना | हाल रकमान्तर गरिएको कार्यक्रमको नाम | रकम |
|---|---|---|---|---|---|---|---|
| १ | पन्चेवाजा खरिद तथा पन्चेवाजा तालिम | झिमरुक-५ | १,००,०००। | १ | झिमरुक-५ | परम्परा सास्कृतिक प्रवंद्धन कार्यक्रम | १,००,०००। |

अन्तमा आजको बैठक विजया दशमी, २०८१ को शुभकामना आदान प्रदान गरी शौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ५ वमोजिम प्रमाणित गर्दछु ।

कृष्ण बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत